## लोक सेवा आयोग

### नेपाल बैंक लिमिटेड, छैठौं, सहायक प्रबन्धक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९/०५/१०

पत्र: प्रथम

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : Economy, Money and Banking

*प्रत्येक खण्डको उत्तर छुट्याछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

**खण्ड "क"**

५० अङ्क

१. खर्च विधिद्वारा कूल गार्हस्थ उत्पादनको गणना कसरी गरिन्छ ? यस विधिमा समावेश हुने खर्चका विभिन्न घटनाहरु उल्लेख गर्नुहोस् ।

How is the GDP calculated by expenditure method ? What are the different components of expenditure under this method ? 6+3-10

२. वित्तीय नीति भनेको के हो र यसका उद्देश्यहरु के के हुन् ? उल्लेख गर्नुहोस् । तपाईंको विचारमा के नेपालले अवलम्बन गरेको वित्तीय नीतिले यसका उद्देश्यहरु हासिल गर्न सफल भएको छ ? प्रष्ट पार्नुहोस् । ५+५=१०

What is the fiscal policy and what are its objectives ? Do you think the fiscal policy implemented by the government of Nepal has been able to achieve those objectives ? (Clarify)

३. नेपालमा विकास आयोजनाहरुको कार्यान्वयन अवस्था कमजोर रहेको तथ्य विभिन्न आयोजनाको प्रगति समीक्षाले नै बताउने गरेको छ । अझ ठूला र राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयनलाई हेर्ने हो भने पनि त्यति सुखद छैन । विकास आयोजना कार्यान्वयन प्रभावकारी नहुनुमा मुख्य रुपमा के के कुरालाई जिम्मेवार ठान्नुहुन्छ ? नेपालको योजनाबद्ध विकासलाई समेत समीक्षा गर्दै लेख्नुहोस् । ४+६=१०

The implementation of development projects seems poor in Nepal according to progress reports of various projects. Even the implementation of big and National Pride Projects looks concerning. What could be the main factors behind ineffective implementation of development projects ? Explain in reference to review of Nepal's development plan.

४. विगत केही वर्षदेखि नेपालको व्यापार घाटा तीव्र रुपले बढ्दै गई शोधनान्तर घाटामा उल्लेख्य वृद्धि भएको छ भने विदेशी मुद्राको संचितिमा समेत ठूलो गिरावट आएको छ । नेपालको बढ्दो व्यापार घाटालाई नियन्त्रण गर्न समयसमयमा सरकारी संयन्त्रले चालेका कदमहरु पनि अपेक्षित रुपमा सफल हुन सकिरहेका छैनन् । व्यापार घाटा नियन्त्रण गर्ने सरकारी प्रयासहरु प्रभावकारी नहुनुका कारणहरु पहिचान गर्दै व्यापार घाटा नियन्त्रका लागि नेपालले अवलम्बन गर्नुपर्ने अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन उपायहरुबारे आफ्नो धारणा लेख्नुहोस् । २०

Since last years, Nepal's trade deficit has increased sharply leading to significant rise in BOP deficit and large decline in foreign exchange reserves. Steps taken now and then by the government agencies in order to check the burgeoning trade deficit have also not been successful as expected. Identify the reasons for the ineffective attempts of government to curb the trade deficit and share your views regarding the short-term, medium-term and long-term measures that Nepal should adopt in order to control the trade deficit.

**खण्ड "ख"**

५० अङ्क

५. नेपालमा वाणिज्य बैंकको विकासक्रमबारे लेख्नुहोस् । विद्यमान समयमा नेपालका वाणिज्य बैंकहरुले सामना गर्नुपरेका साझा चुनौतीहरु के के हुन् ? ५+५=१०

Discuss the evolution of commercial banking in Nepal. What are the common challenges being faced by Nepali commercial banks these days ?

६. वित्तीय विवरणहरुको विश्लेषण र अनुपात विश्लेषणमा के फरक छ ? अनुपात विश्लेषणको महत्व, फाइदा र सीमाहरु लेख्नुहोस् । १०

What is the difference between analysis of financial statement and ratio analysis ? Write the importance, advantages and limitation of ratio analysis.

७. बैंक तथा वित्तीय संस्थाहरुमा वित्तीय जोखिम कसरी आँकलन गरिन्छ ? त्यसलाई व्यवस्थापन गर्न अपनाउने प्रचलित चारवटा दृष्टिकोणहरुको बारेमा संक्षेपमा व्याख्या गर्नुहोस् । 4+6=10

How are financial risks recognized in banks and financial institutions ? Briefly explain the four fundamental approaches to the financial risk management.

८. नेपालको बैंकिङ्ग प्रणालीमा तरलता अभावको समस्या बारम्बार देखिन थालेको छ । बैंकिङ्ग प्रणालीमा तरलताको अभावले आर्थिक क्रियाकलापमा संकुचन आउँछ र समग्र अर्थतन्त्र नै शिथिल र सुस्त बन्न पुग्छ । तरताको अभाव हुनुनका प्रमुख कारणरहरु र समस्याहरु पहिचान गरी आउँदा दिनहरुमा तरलताको अभावसम्बन्धी समस्याको स्थायी समाधानको लागि अवलम्बन गर्नुपर्ने रणनीतिहरु र कार्यनीतिहरुबारे सुझाव दिनुहोस् । २०

Lack of liquidity has frequently appeared in banking system of Nepal. Economic activities get shrunk and whole economy gets stagnated due to the lack of liquidity in the banking system. In this context, identify major reasons and problems of the lack of liquidity and recommend strategies and working policies to be adopeted for the permanent solution of the lack of liquidity in the days to come.

CamScanner

# लोक सेवा आयोग

## नेपाल बैंक लिमिटेड, छैठौं, सहायक प्रबन्धक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९/०५/११

पत्र: द्वितीय

समय : ३ घण्टा | पूर्णाङ्क : १००

विषय : **Economy, Money and Banking**

***प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।***

### खण्ड "क"

५० अङ्क

१. संस्थागत सुशासन भन्नाले के बुझ्नुहुन्छ ? नेपालको बैंकिङ्ग क्षेत्रमा यस्तो सुशासन कायम गर्न नियामक निकाय नेपाल राष्ट्र बैंकको भूमिका कस्तो हुन्छ ? व्याख्या गर्नुहोस् । 3+7=10

What do you understand by Corporate Governance ? What role does the regulatory body, Nepal Rastra bank play to maintain the corporate governance in the banking sector of Nepal ?

२. Human Resource (HR) Audit भनेको के हो ? यसका फाइदाहरुको बारेमा लेख्नुहोस् । ५+५=१०

What is Human Resourc (HR) Audit ? Explain its advantages.

३. नेपालको संगठनात्मक संस्कृति विस्तारै परिवर्तन हुँदै गइरहेको देखिन्छ । संगठनात्मक संस्कृतिमा परिवर्तन व्यवस्थापन गर्ने चरणहरु के के हुन् ? यो परिवर्तन व्यवस्थापनमा म्यानेजरको भूमिक के हुन्छ र यसमा के कस्ता सीपहरु आवश्यक पर्दछन् ? उल्लेख गर्नुहोस् । 4+3+3=10

The organizational culture in Nepal is seen to be changing gradually. What are the steps to manage change in organizational culture ? What is the role of managers in this change management and what are the skills needed for this ?

४. कुनै पनि संस्थामा रणनैतिक योजना किन आवश्यक छ ? रणनैतिक योजना तर्जुमाका चरणहरुको बारेमा विस्तृत व्याख्या गर्नुहोस् । २०

Why is strategic plan essential for any organization ? Explain in detail the stages of strategic palling process.

### खण्ड "ख"

५० अङ्क

५. नेपालमा पूँजी बजारको विकासक्रमका बारेमा लेख्नुहोस् । लगानीकर्ताको निर्णय क्षमतामा प्रभाव पार्ने तत्वहरु के के हुन् ? उल्लेख गर्नुहोस् । ५+५=१०

Explain the evoluation of capital market in Nepal.l What are various factors the investor's decision making capacity.?

६. अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकले नेपालको आर्थिक विकासमा खेलेको भूमिकाको वर्णन गर्नुहोस् । 5+5=10

Explain the role played by Internatio economic Monetary Fund World Bank for the economic development of Nepal.

७. खुद वर्तमान मूल्य र आन्तरिक प्रतिफल दरलाई परिभाषित गर्दा यी दुवैको सवल र कमजोर पक्षबारेमा चर्चा गर्नुहोस् ।5+5=10

Define Net Present Value (NPV) and Internal Rate of Return (IRR) and discuss the strength and weakness of each of these.

८. नेपालको वित्तीय क्षेत्र सुधार कार्यक्रमका मुख्य मुख्य उपलब्धीबारे चर्चा गर्नुहोस् । वित्तीय क्षेत्रमा वर्तमानमा देखिएका समस्याहरु उल्लेख गर्दै समाधानका उपायहरुसमेत उल्लेख गर्नुहोस् । 6+7+7=20

Discuss the major achievements of Financial Sector Reform Program in Nepal. Also mention the problems emerging in financial sector at present and suggest the solutions to these problems.

CamScanner

**लोक सेवा आयोग**
**नेपाल बैंक लिमिटेड, छैठौं, सहायक प्रबन्धक पदको खुला**
**प्रतियोगितात्मक लिखित परीक्षा**
**२०७८/०६/१५**

पत्र: प्रथम
समय : ३ घण्टा
विषय : **Economy, Money and Banking**

पूर्णाङ्क : १००

*प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

## खण्ड "क"

**५० अङ्क**

1. नेपालको वर्तमान वित्तीय नीतिको व्याख्या गर्नुहोस् । यसका प्रमुख विशेषताहरुसमेत उल्लेख गर्नुहोस् । 6+3=10
Narrate the current fiscal policy of Nepal. Mention its important features.

2. आर्थिक विकास भन्नाले के बुझ्नुहुन्छ ? विकासशील मुलुकहरुको संरचनागत विशेषताहरुको विवेचना गर्नुहोस् । १०
What do you understand by economic development ? Explain the structureal characteristics of developing countries.

3. नेपालको सामाजिक आर्थिक, रुपान्तरणका संवादहरु के के हुन सक्छन् ? नेपाल सरकारको १५ औं आवधिक योजनाले लिएको आर्थिक वृद्धि दरको लक्ष्य हासिल गर्न कुन कुन क्षेत्रको लगानीमा प्राथमिकता दिनु पर्ला ? विश्लेषणात्मक उत्तर दिनुहोस् । १०
What will be the potential drivers for socio-economic transformation of Nepal. What would be the government's prioritized sectors of investment to achieve the target of growth rate as envisioned in the 13 periodic plan of Nepal. Explain analytically.

4. आर्थिक विकासको सोलो मोडेल (सन् १९५६) को एउटा सबभन्दा आकर्षक १० भनेको पुंजी सञ्चिति कम भएका विकासशील र पूँजी सञ्चिति बढी एका विकसित अर्थतन्त्रहरुबीच आर्थिक विकास सम्मिलन सम्भाव्यताको धारणा हो । सो सिद्धान्त कति व्यवहार-सम्मत छ ? नेपालमा सातवटा प्रदेशको अहिलेको फरक आर्थिक अवस्था तिनीहरुबीच यस्तो सम्मिलनको सम्भावनाबारे चर्चा गर्नुहोस् । २०
Concept of possible growth convergence between the economics with low capital stock (developing) and high level of capital stock (developed) economic is one of the most important features of the Solow Growth Model (1956 Ad). Is convergence a plausible theory ? Discuss the possibility of such convergence of growth among the seven province of Nepal given their current level of economic divergence.

## खण्ड "ख"

**५० अङ्क**

5. मुद्रा गुणक प्रक्रियाले कसरी काम गर्दछ ? उपयुक्त उदाहरणसहित व्याख्या गर्नुहोस् । १०
Describe the working of money multiplier process with suitable examples.

6. बासेल-तीन प्रावधानले प्रस्ताव गरेका पूँजी पर्याप्तता खाकाको व्याख्या गर्नुहोस् । यसको कसरी बासेल-दुई प्रावधानहरुको दाँजोमा बैंकहरुको तरलता जोखिम कम गर्न सघाउँछ ? चर्चा गर्नुहोस् । १०
Illustrate the capital adequacy framework proposed by Basel III accord. How can it better reduce the liquidity risk of the banks as contrast to the provision of Basel II ? Discuss.

7. मुद्रास्फीती भनेको के हो र यसलाई कसरी मापन गरिन्छ ? Consumer Price Index कसरी प्रयोग गरिन्छ ? संक्षिप्तमा उदाहरण सहित उल्लेख गर्नुहोस् । 3+3+4=10
What is inflation and how can it be measured ? How do we used the Cnsumer Price Index (CPI) Explain in brief with appropriate example.

8. नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ को सारसंक्षेप के हो ? विदेशी मुद्रा भित्र्याउनुपूर्व राष्ट्र बैंकलाई दिइने लिखित जानकारी र विदेशी मुद्रा भित्र्याएपछि सम्बन्धित बैंक तथा वित्तिय संस्थाले जारी गर्ने प्रमाणपत्रमा के के कुराहरु उल्लेख गरिएका छन् ? प्रकाश पार्नुहोस् । 6+7+7=20
Write in brief about Nepal Rastra bank Foreign Investment and Foreing Loan Management Regulation, 2078, and state in details about the different provisions of information to remit foreign currency for the approved foreign investment in Nepal and also the certificate for inflow of foreign currency pertaining to foreign investment by banks and financial institutions.

## नेपाल बैंक लिमिटेड, छैठौं, सहायक प्रबन्धक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा २०७८/०६/१६

पत्रः द्वितीय

समय : ३ घण्टा | पूर्णाङ्क : १००

विषय : Management and Finance

*प्रत्येक खण्डको उत्तर छुट्टयाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

### खण्ड "क"

५० अङ्क

१. कुनै संस्थाको जनशक्ति व्यवस्थापनमा कार्यसम्पादन मूल्याङ्कनको महत्वपूर्ण भूमिका हुन्छ ? कार्यसम्पादन मूल्याङ्कन लागि कार्यसम्पादन स्तर मापनको वस्तुगत मापदण्ड तयार गर्दा के के कुरामा ध्यान दिनुपर्छ ? छोटकरीमा लेख्नुहोस् ।
Performance evaluation plays and imprtant role in Human Resource Management of organization. Briefly explain the major spects to consider while developing objective criteria for performance evaluation.

२. नेपालको बैंकिङ क्षेत्रको संस्थागत सुशासनको अवस्थालाई सुधार गर्नका लागि नेपाल बैंकले पहल गरेका कार्यहरू बुँदागत रुपमा प्रस्तुत गर्नुहोस् ।
List out the initiatives taken by Nepal Rastra Bank for the improvement of corporate governance stauts of banking sector of Nepal.

३. नेपाल बैंक लिमिटेडको यस वर्षको वार्षिक कार्यक्रममा बैंकको सेवाप्रति ग्राहकको सन्तुष्टिबारेमा सर्वेक्षण गर्ने कार्यक्रम रहेको छ । यदि तपाईँलाई सो सर्वेक्षण कार्यको जिम्मा दिइयो भने तथ्यांक संकलन गर्न कुन स्रोत र नमूना छनौट गर्न कुन विधि प्रयोग गर्नुहुन्छ । तपाईँले छनौट गरेका तथ्यांकको स्रोत र नमूना छनौट विधिको सवल र दुर्वल पक्षहरुको बयान गर्नुहोस् ।
Nepal Bank Limited current year program includes conducting the customer satisfaction survey. If you were given this responsibility, Which source of data and which method of sampling would you choose. Also describe the strength and weakness of the chosen source of data collection and method of sampling.

४. व्यवस्थापनका कार्यलाई योजना संगठन नेतृत्व नियन्त्रणको प्रारुपमा व्याख्या गर्नुहोस् र यो प्रारुपको अपूर्णताको बारेमा चर्चा गर्नुहोस् । साथै संस्थागत सामाजिक उत्तरदायित्वलाई परिभाषित गर्दै यो अवधारणा उपरोक्त प्रारुपमा कसरी मेल खान्छ चर्चा गर्नुहोस् । 12+8=20
Explain the management functions in planning organizing controlling framework and discuss the shortcomings. Also define the concept of corporate social responsibility (CSR) and discuss how it fits in the above framework ?

### खण्ड "ख"

५० अङ्क

५. आ.व. २०७५/७६ को तुलनामा आ.व. २०७६/७७ मा नेपाल बैंक लिमिटेडको निक्षेप तथा कर्जा क्रमश : २०.९% र ११.८% ले वृद्धि हुनुका बावजुद संचालन मुनाफा २८% ले घट्न पुग्यो । तपाईंको विचारमा के कारणहरुले यस्तो अवस्था आयो आगामी वर्षहरुमा नाफा बढाउन कस्ता प्रबन्धहरु आवश्यक छन् जस्तो लाग्छ ? उल्लेख गर्नुहोस् ।
Despite the growth in deposit and loan by 20.9% and 11.8% in the FY 2019/20 as compared to FY 2018/19, the operating profit declined by 28% at Nepal Bank Limited. In your opinion, what factors to such situation and what measures might be necessary to raise the profit figures in the subsequent years ? Mention.

६. प्रत्याभूतिहरुको पोर्टफोलियो निर्माणले कसरी जोखिम कम गर्दछ ? उपयुक्त उदाहरणसहित व्याख्या गर्नुहोस् ।
How does construction of portfolio of securities minimize risk ? Explain with suitable examples.

७. विश्व व्यापार संगठनको उद्देश्यका बारेमा प्रकाश पार्दै नेपालजस्तो मुलुकले यसको सदस्यताबाट के लाभ लिन सक्छन् ? चर्चा गर्नुहोस् ।
State the objectives of World Trade Organization (WTO) and discuss what are the benefits that a country like Nepal can take from the membership of WTO.

८. क्यापिटल बजेटिङ्गको मुख्य प्रयोजन के हो ? पूँजीगत लगानी मूल्यांकन गर्दा अपनाइने मुख्य तरिकाहरुको उदाहरणसहित व्याख्या गर्नुहोस् ।
What is the main purpose of the capital budgeting. Explain the capital investment appraisals with examples.

CamScanner

नेपाल बैंक लिमिटेड, छैठौं, सहायक प्रबन्धक पदको प्रतियोगितात्मक लिखित परीक्षा
२०७६/०९/०४

पूर्णाङ्क: १००

समय: ३ घण्टा

**विषय: Economy, Money and Banking**

*प्रत्येक खण्डको उत्तर छुट्टयाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

## Section "A"

**50 Marks**

१. कुल गार्हस्थ उत्पादन भन्नाले के बुझ्नुहुन्छ ? नेपाल जस्तो मुलुकका लागि कुल ग्राहस्थ उत्पादन मापनको कुन तरीका बढी उपयुक्त हुन्छ ? नेपालमा जि.डि. पि. गणनाका चुनौती उल्लेख गर्नुहोस् ।
What do you understand by Gross Domestic Product (GDP)? Which method of Measurement of Gross Domestic Product is appropriate for a country like Nepal? Elaborate the Challenges of GDP computation in Nepal.

२. नेपालको संघीय प्रणाली अपनाएपछि विकासका के कस्ता मुख्य चुनौती र अवसर रहेका छन् । के वर्तमान सरकारले लिएको विकास नीतिले चुनौती सामना गर्दै सृजित अवसरहरुबाट लाभ दिलाउन सक्ला? चर्चा गर्नुहोस् ।
What are the major challenges and opportunities of development after Nepal adopted federal system? Can the development policies taken by current government generate benefits from the opportunities created through mitigation challenges? Discuss.

३. नेपालको आ.व. २०७६/७७ को मौद्रिक नीतिमा वित्तीय क्षेत्र सुदृढीकरणका लागि समावेश गरिएका मुख्य विषयहरुबारे प्रष्ट पार्नुहोस् ।
Clarify the major elements incorporated in the monetary policy of FY 2076/77 of Nepal for strengthening the financial sector.

४. नेपालको पन्ध्रौं योजनाको आधार पत्रमा मौद्रिक तथा वित्तीय क्षेत्र अन्तर्गत समावेश गरिएको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरु उल्लेख गर्नुहोस् ।
Mention the vision, aim, objective, stragegies and working strategies incorporated under the monetary and fiscal sector in the approach paper of the Fifteenth plan of Nepal.

## Section "B"

**50 Marks**

५. बैंकिङ्ग प्रणालीमा कसरी व्याजदर निर्धारण हुन्छ ? उदाहरणसहित व्याख्या गर्नुहोस् ।
How is interest rate determined in banking system? Explain with examples.

६. नेपालले किन भारतसँग स्थिर विनिमयदर प्रणाली अपनाएको हो ?
Why has Nepal adopted fixed exchange rate system with India? Present your opinion.

७. मुद्रास्फीतिको अवधारणा र कारणहरु उल्लेख गर्दै रोजगारीको क्षेत्रमा उच्च मुद्रास्फीतिले पार्ने प्रभावकारी सम्बन्धमा लेख्नुहोस् ।
Stating the concept and causes of inflation, write about the impact of high inflation in the employment sector.

८. लागत लाभ विश्लेषणका मुख्य चरणहरु के के हुन् ? लागत लाभ विश्लेषण विधि अन्तर्गत Net Present Value-NPV र Internal Rate of Return - IRR को तुलनात्मक विश्लेषण गर्नुहोस् ।
What are the major steps of the Cost Benefit Analysis? Under the Cost Benefit Analysis methods. Comparatively analyze the net present value-NPV and internal Rate of Return-IRR.

CamScanner

लोक सेवा आयोग

नेपाल बैंक लिमिटेड, छैठौं, सहायक प्रबन्धक पदको

प्रतियोगितात्मक लिखित परीक्षा

पत्र: प्रथम

२०७५/१०/१४

समय: ३ घण्टा

पूर्णाङ्क: १००

विषय: **Economy, Money and Banking**

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## Section "A"

**50 Marks**

1. Identify the increasing trend of trade deficit in Nepal. How can be the trade deficit reduced? Suggest Policies to the Government of Nepal.
2. What are the objectives of current Monetary Policy? Is it possible to address the present financial market's problems of Nepal? Explain.
3. How poverty and income inequality are measured? What are the major challenges of poverty alleviation in Nepal? Illustrate.
4. Explain the various methods of computing national income. What are the major difficulties of computing national income in the context of Nepal? Elaborate.

## Section "B"

**50 Marks**

5. What are the major factors that affect the money supply in Nepal? Explain on the basis of money multiplier theory.
6. Describe about the project appraisal techniques. How do you evaluate a project to accept or reject on the absis of IRR and NPV techniques? Describe.
7. Discuss major provisions of the Foreign Exchange Management Policy of Nepal.
8. Explain relationship between inflationand unemployment with the help of Phillips Curve diagram. Also, state the implications of this trade off between inflation and unemployment to the policy makers in short-term. Write down the limitations regarding this trade-off as well.

CamScanner

लोक सेवा आयोग
नेपाल बैंक लिमिटेड, छैठौं, सहायक प्रबन्धक पदको
प्रतियोगितात्मक लिखित परीक्षा
२०७५/१०/१५

पत्र: द्वितीय
समय: ३ घण्टा

पूर्णाङ्क: १००

विषय: Management and Finance

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**Section "A"** **50 Marks**

"Motivation is not just a theoretical concept but the concept of efficiency". How do you justify this statement with context of Nepalese motivational practices? Explain the types of motivation with examples.

Elucidate the concept of "Performance Management (PM)" in the context of Human Resource Management (HRM). What approaches and tools would effectively put the nation of PM in practice in a business entity of PM in practice in a business entity like Nepal Banak Limited? Elaborate.

How can "TQM" be implemented and how can we measure "TQM" success? Illustrate with examples any organization's success story of "TQM" application.

Prepare SWOT analysis of Nepal Bank Limited. Explain short-term and mid-term strategies based on your analysis.

**Section "B"** **50 Marks**

Nepal Bank Limited is approached by XYZ Ltd. to finance its project related to hospitality industry. The total debt applied is for Rs = 70 cores. What tools of capital budgeting can be used to check financial feasibility? List and explain required tools of capital budgeting. Also, explain the importance of capital budgeting.

What is money market? Explain money market instruments use to stabilize financial sector.

Briefly examine the contribution of Asian Development Bank in Nepal's socio-economic development. What should Nepal do to maximize the benefits of ADB support? Explain.

Nepal's financial sector has undergone a steady reform process over the last two decides. External development partners such as the word Bank have had their imprint on a number of initiatives that are in place now, such as the commercialization and re-capitalization of NBL, RBB and ADBL and re-engineering of NRB. What is your own assessment of these reform interventions? To what extent have these reforms been fruitful for developing a stable yet vibran financial sector in the country? Explain the history, accomplishments and new challenges of financial sector reforms in Nepal against above backdrop.

CamScanner

नेपाल बैंक लिमिटेड, छैठौं, सहायक प्रबन्धक पदको
प्रतियोगितात्मक लिखित परीक्षा
२०७४/०५/१०

पत्र: प्रथम
समय: ३ घण्टा पूर्णाङ्क: १००

विषय: **Economy, Money and Banking**

*प्रत्येक खण्डको उत्तर छुट्टयाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

**Section "A"** **60 Marks**

1. Clarify the concept of GDP, Discuss the various methods of measuring GDP. Also recommend the appropriate applicable method to measuring GDP in a developing economy like Nepal with justifications.
2. How the price and output are determined in a monopolistic market in both short and long run? Does oligopoly market prevail in Nepal? Give your argument with justifictions.
3. Discuss the major features of Monetary Policy of Nepal as envisaged by Nepal Rastra bank for FY 2075/76. Could it resolve the current liquidity crisis that the banking institutions of Nepal are facing? Define.

**Section "B"** **40 Marks**

4. Explain the prosimate and ultimate determinants of money supply with the help of money multiplier mode. How far is Nepal Rastra Bank able to control money supply in Nepal? Describe.
5. Critically examine the merits and demerits of Foreign Exchange Management, Policy. Practices and regulation in Nepal.

---

लोक सेवा आयोग
नेपाल बैंक लिमिटेड, छैठौं, सहायक प्रबन्धक पदको
प्रतियोगितात्मक लिखित परीक्षा
२०७५/०५/११

पत्र: द्वितीय
समय: ३ घण्टा पूर्णाङ्क: १००

विषय: **Management and Finance**

*प्रत्येक खण्डको उत्तर छुट्टयाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

**Section "A"** **60 Marks**

1. Highlighting the competitive environments, present a dynamic, present a dynamic SWOT analysis for Nepal Bank Limited.
2. A major change in the management of Nepalese comprise has been realized in the recruitment of women in their workforce. The glass ceiling in workplace, as it is so called, hasn't broken completely. But it is going away in most respects. Identify five such major changes that has taken place in the management of companies in Nepal in the last two decades. In light of these past changes, changes, what changes do you foresee in the future?
3. Explain in details the Nepal Rastra bank directives in relation to be the corporate governance.

**Section "B"** **40 Marks**

4. Examine the achievements of financial sector reforms in Nepal. What further reforms do you see necessary in the financial sector in Nepal? Logically present your views.
5. Critically analyze the current investment portfolio of Nepal Bank Limited. What are the basic principles to be considered to make the effective portfolio manageemnt in Nepalese Bank and Financial institutions? Explain your answer with suitable examples.

---

CamScanner

**लोक सेवा आयोग**

**नेपाल बैंक लिमिटेड,**

**छैठौं, सहायक प्रबन्धक पदको प्रतियोगितात्मक लिखित परीक्षा**

**२०७४/५/१८**

क प्रथम
य: ३ घण्टा

**पूर्णाङ्क: १००**

**विषय: व्यवस्थापन**

*त्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । ७ वटा प्रश्नहरुमध्ये जम्मा ६ वटा प्रश्नको उत्तर दिनुपर्नेछ । प्रश्न नं. ७ अनिवार्य छ ।*

**खण्ड "क"** **१६×४ अङ्क**

नेपाल राष्ट्र बैंकका गर्भनरको नियुक्ति प्रक्रियाबारे स्पष्ट पार्दै गभर्नरका काम, कर्तव्य र अधिकारहरु उल्लेख गर्नुहोस् ।

समस्याग्रस्त बैंक भन्नाले के बुझिन्छ ? नेपाल राष्ट्र बैंक ऐन, २०५८ को पछिल्लो संशोधनले समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाको रिजोल्यूसन प्रकृयालाई सरलीकृत गर्न के कस्तो व्यवहारहरु गरेको छ ? व्याख्या गर्नुहोस् ।

नेपालको आर्थिक विकासमा नेपाल बैंक लिमिटेडले पुऱ्याउँदै आएको योगदानबारे चर्चा गर्नुहोस् ।

कर्जामा निहित जोखिमको व्याख्या गर्दै कर्जा वर्गीकरण तथा जोखिम व्यवस्थापनका सम्बन्धमा नेपाल राष्ट्र बैंकले दिएका निर्देशनहरुको विश्लेषणात्मक चर्चा गर्नुहोस् ।

**खण्ड "ख"** **१६×२+२० अङ्क**

तल उल्लेखित विषयहरुमा टिप्पणी लेख्नुहोस्

क. नाफा नोक्सान खाता (Profit and Loss Account)

ख. वासलात (Balance Sheet)

विद्यमान बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम बैंक तथा वित्तीय संस्थाले के कस्तो प्रक्रियाहरु पुरा गरेर कर्जा प्रवाह गर्नुपर्दछ ? साथै यस ऐन अनुसार कर्जा असूली गर्दा गर्नुपर्ने आवश्यक प्रक्रियाहरुका बारेमा उल्लेख गर्नुहोस् ।

नेपालको वित्तीय प्रणालीमा विगत केही वर्षदेखि अधिक तरलताको स्थिति रहेको देखिन्छ । अधिक तरलताको कारण मुलुकको अर्थतन्त्रमा मुद्रास्फिति बढ्न गई समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकूल प्रभाव पर्ने हुँदा यसलाई मोचन (Mope up) गर्नुपर्ने हुन्छ । सरकार, केन्द्रीय बैंक एवं बैंक तथा वित्तीय संस्थाहरुले समेत अत्यधिक तरलताको लागत चुकाउनुपर्ने हुन्छ । नेपालको सन्दर्भमा अत्यधिक तरलताको स्थिति उत्पन्न हुनुका कारणहरुको पहिचान गर्दै उक्त समस्याको अल्पकालिन एवं दीर्घकालीन समाधानका उपायहरु बुँदागत रुपमा स्पष्ट उल्लेख गरी प्रस्तुत गर्नुहोस् ।

CamScanner